# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुप कुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय — नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि. ०७१/७२ वि.उ.स. १३७ को विध्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र (धार खोला जलविध्युत आयोजना)
अनुमतिपत्र प्राप्त संस्था— म्याग्दी हाइड्रोपावर प्रा. लि.

**विषयः**– अनुमतिपत्रको शर्त उल्लंघन ।

म्याग्दी हाइड्रोपावर प्रा. लि. ले धार खोला जलविध्युत आयोजनाको उत्पादनका लागी दिइएको वि.वि.वि. ०७१/७२ वि.उ.स.१३७ को विध्युत उत्पादन सर्वेक्षण अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा त्यस संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नु परेमा सोको पुर्व जानकारी यस मन्त्रालयलाई दिनु पर्ने व्यवस्था रहेको पाइन्छ । म्याग्दी हाइड्रोपावर प्राइभेट लिमिटेडको कम्पनीलाई पव्लिक लिमिटेडमा परिवर्तन गरिएको व्यहोराको कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं.३५०७३ मिति २०७४।१।१७ को पत्र फायल संलग्न रहेको देखिन्छ । अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त विपरित कम्पनीको स्वामित्वको संरचना परिवर्तन गरी कम्पनी प्रा.लि. बाट पब्लिक कम्पनीमा परिणत गरी उक्त संस्थाको स्वामित्व संरचनामा परिवर्तन गरेको देखिन्छ । उक्त म्याग्दी हाइड्रोपावर लि. ले स्वामित्व संरचनामा परिवर्तन गर्दा सोको पुर्व जानकारी विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त बमोजिम यस मन्त्रालयलाई दिनु पर्नेमा नदिइ विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिदा सोही दफा बमोजिम उक्त म्याग्दी हाइड्रोपावर लि. लाई रु.५,०००। - (पाँच हजार रुपैया) जरिवाना गर्ने निर्णय गरिदिएको छ । अरु तपशिल बमोजिम गर्नु ।

**तपशीलः**

१. म्याग्दी हाइड्रोपावर. लि. बाट निर्णय बमोजिम जरिवाना असुल गर्ने मिसिल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
(सचिव)

इति सम्बत २०७५ साल मंसिर ११ गते ३ रोज शुभम् ---------------------------------------------------।